हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ४ | सङ्ख्याः ३ | मितिः २०७७।०२।०९

## भाग- ३

# महिला जागरण समूह गठन तथा सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका भित्र प्रत्येक महिलालाई लौंगिक भेदभाव बिना समग्र बिकाशमा सहभागि गराउने र प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व र शिक्षाको अवसरलाई सुनिश्चित गर्न वडा र नगर स्तरमा महिलाहरुको सशक्तिकरण समूह गठन गरी संचालन गर्न स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधी तर्जुमा गरी नगरकार्यपालिकाले लागु गरेको छ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यो कार्यविधिको नाम “महिला जागरण समूह गठन तथा सञ्चालन कार्यविधि २०७७” रहने छ ।

(ख) यो कार्यविधि हेटौंडा उपमहानगरपालिका कार्यपालिकबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनु पर्नेछ ।

(ख) "वडा समिति" भन्नाले उपमहानगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "उप-प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हेटौंडाउपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "वडाध्यक्ष" भन्नाले हेटौंडाउपमहानगरपालिकाका वडाहरुका वडाध्यक्षहरुलाई सम्झनु पर्दछ

(छ) "वडा" भन्नाले वडा समितिको क्षेत्राधिकारलाई सम्झनु पर्दछ।

(ज) "जागरण समूह" भन्नाले वडा तथा नगर स्तरीय महिला जागरण समूह बुझ्नु पर्दछ । जसलाई अंग्रेजीमा (Women Awareness Group)सम्झनु पर्दछ ।

(झ) "वडा सचिव" भन्नाले वडा समितिको सचिवको कामकाज गर्न खटिएको कर्मचारी सम्झनु पर्दछ।

(ञ) "बैठक" भन्नाले महिला जागरण समूह वडा तथा नगर स्तरको बैठकलाई सम्झनु पर्दछ।

(ट) "टोल विकास संस्था" भन्नाले टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास गर्ने निश्चित भौगोलिक क्षेत्रमा गठन गरी हेटौंडा उपमहानगरपालिकाले सूचिकृत गरेका टोल विकास संस्थालाई सम्झनु पर्दछ ।

(ठ) "समूह" भन्नाले हेटौंडा उपमहानगरपालिकावाट वडा र नगर तहमा गठनभएको महिला जागरण सम्झनु पर्दछ ।

(ड) "अध्यक्ष"भन्नाले महिला जागरण समूह वडा तथा नगर स्तरीय अध्यक्ष वा संयोजकलाई सम्झनु पर्दछ ।

(ढ) "उपाध्यक्ष"भन्नाले महिला जागरण समूह वडा तथा नगर तहको जागरण समूह उपाध्यक्ष वा सह-संयोजकलाई सम्झनु पर्दछ ।

(ण) "सचिव" भन्नाले महिला जागरण समूह वडा तथा नगर स्तरको सचिवलाई सम्झनु पर्दछ।

(त) कोषाध्यक्ष भन्नाले महिला जागरण समूह वडा तथा नगर स्तरको कोषाध्यक्षलाई सम्झनु पर्दछ।

(थ) "सदस्य" भन्नाले महिला जागरण समूह वडा तथा नगर स्तरको संयोजक, सह-संयोजक, सचिव लगायत पदाधिकारी र जागरण समूहका सदस्यहरुलाई समेत सम्झनु पर्दछ ।

(द) "पदाधिकारी" भन्नाले महिला जागरण समूह वडा तथा नगर स्तरका संयोजक, सचिव र सदस्यहरुलाई सम्झनु पर्दछ ।

३. **महिला जागरण समूह वडा तथा नगर स्तर गठनको उद्देश्यः-**

(क) महिलाको हक, हित र अधिकारप्रवर्द्धनको लागि पहल गर्न ।

(ख) महिला उपर हुने बिभिन्न प्रकारका विभेदहरुको विरुद्ध अभियान सञ्चालन गर्न ।

(ग) आर्थिक, सामाजिक एवं शैक्षिक रुपमा पछाडि परेका महिलाहरुको लागी क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्न ।

(घ) वडा तथा नगरपालिका र अन्य सरोकारवाला संघ/संस्थाहरुसंग समन्वय गरी महिला लक्षीत कार्यक्रम संचालन गर्न ।

(ङ) सामाजिक विकास एवं सामाजिक परिचालनका क्षेत्रमा महिलालाई परिचालन गर्न ।

(च) नगर क्षेत्रमा रहेका महिलाहरुलाई संगठित गरी सशक्तीकरण गर्न ।

## परिच्छेद २

**४. वडा स्तरीयमहिला जागरण समूह गठनः-**

क) उपमहानगरपालिकाका सवै वडाहरुमा वसोवास गर्ने महिलाहरुको आ-आफ्नो वडाको (वडागत) भेलाबाट तपसिल बमोजिम ७ देखि ११ जनासम्म सदस्य रहने गरी एक **वडा स्तरीयमहिला जागरण समूह** गठन गरिने छ। यस्तो समूहमा सकेसम्म वडाभित्र मौजुदा रहेका टोल विकाससंस्था, आमा समूह, महिला सहकारी सस्था, एकल महिला सञ्जाल, अपाङ्गता भएका महिला, महिला स्वयम सेवीका लगायत बिभिन्न क्षेत्रका महिलाहरुको प्रतिनिधित्व भएको देहाय बमोजिमको **वडा स्तरीयमहिला जागरण समूह** गठन हुनेछ।

अध्यक्षः- १ जना

उपाध्यक्षः- १ जना

सचिवः-१ जना

कोषाध्यक्षः- १ जना

सदस्यहरुः- ३ देखि ७ जना सम्म

**संरक्षकः**- वडाध्यक्ष

**सल्लाहकारः**- वडा सदस्यहरु र वडा सचिव

ख) यसरी गठित समितिको पहिलो बैठकवाट दुई जना नगर प्रतिनिधी को रुपमा चयन गरिनेछ।

ग) समूहका पदाधिकारीहरु र सदस्यहरुको कार्यकाल तीन वर्षको हुनेछ ।

घ) वडा स्तरीय समूह पदाधिकारीहरु दुई कार्यकाल भन्दा बढी रहने छैनन् ।

ङ) समूहको वार्षिक रुपमा साधारणसभा गरिनेछ ।

च) समूहको नियमित बैठक ३/३ महिनामा वा आवश्यकता अनुसार बस्नेछ ।

छ) समूहको बैठकमा आवश्यकतानुसार अन्य संघ संस्था तथा व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**५. वडा स्तर समितिको बैठक व्यवस्थापन तथा काम, कर्तव्य र अधिकारः-**

(क) वडास्तरीय समूहको बैठक ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा नियमित बस्नेछ।

(ख) बैठकमा प्रस्तुत गर्नको लागि तयार गरिएका एजेण्डा वा विषयहरुको वारेमा वडा स्तरीय समितिका सदस्यहरुलाई पूर्व जानकारी गराउनु पर्नेछ ।

(ग) समुदायमा आधारित सामाजिक तथा सामुदायिक भावना अघि बढाउन वडा स्तरीय समूहले समन्वयात्मक भूमिका निर्वाह गर्नु पर्नेछ ।

(घ) वडा स्तरीय महिला समूहले टोल विकास संस्था तथा वडा समिति संगको छलफलबाट महिला हित प्रवर्द्धन गर्ने कार्यक्रमहरु पारित गरी संचालन गर्ने र नगर स्तरीय योजनामा समावेश गर्नुपर्ने विषयलाई सिफारिस गर्ने।

(ङ) महिलाहरुको तथ्याङ्कका लागि वडा समितिलाई सहयोग गर्ने ।

(च) महिलाहरुको सीप, योग्यता, क्षमता र अनुभवको आधारमा वर्गिकृतविवरण वनाउन पहल गर्ने ।

(छ) महिलाको हक हित सम्बन्धी विषयमा वडा समितिलाई आवश्यक सुझाव सल्लाह दिने ।

(ज) महिलालाई आवश्यक परेका बखत यस वडा स्तरीय समूहले वडा समितिको कार्यालय वा उपमहानगरपालिका वा अन्य निकायमा महिला सम्बन्धी जुनसुकै विषयमा अधिकार प्रवर्द्धनका लागि सहजीकरण र समन्वय सक्नेछ।

(झ) महिला उपर हुने विभिन्न विभेदजन्य, हिंसाजन्यएवं कुसंकार विरुद्ध समन्वय गरि अभियान संचालन गर्ने ।

**६. वडा स्तरीय समूहका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः-**

(क) **अध्यक्ष**को काम, कर्तव्य र अधिकार

(१) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने,

(२) समूहको बैठक बोलाउने र बैठकको लागि मिति, समय र स्थान तोक्न सदस्यहरुको सहमति लिनुपर्ने ।

(३) बैठक अनुशासित ढंगले सञ्चालन गर्ने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न
लगाउने ।

(४) छलफल हुँदा सबैको विचार बुझि सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(५) बैठकमा आवश्यक प्रस्तावहरु पेश गर्न लगाउने ।

(६) सचिवलाई आवश्यकता अनुसार मार्ग निर्देशन गर्ने र सहयोग पुर्‍याउने ।

(७) आवश्यक कार्यमा वडा स्तरीय समूहको प्रतिनिधित्व गर्ने ।

(८) सहयोगी सरोकारवाला निकायहरुसँग समन्वय गर्ने,

(९) विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

(१०) उपमहानगरपालिकाको सहभागितात्मक नगर विकास योजना तर्जमुा तथा सञ्चालन प्रक्रिया अवलम्बन गर्न सहयोग गर्ने ।

(११) उपमहानगरपालिकाले प्रदान गर्ने सेवा सुविधाहरु टोल स्तरबाटै प्राप्त गर्न सक्ने प्रकृतिका भए त्यस्ता सेवा सुविधा प्रदान गर्न टोल विकास संस्थाहरुलाई परिचालित हुनमा सहयोग गर्ने ।

(१२) दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा महिला लगायत सबै लक्षित वर्गलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने ।

(१३) उपमहानगरपालिकाले तथा अन्य संघ संस्थाहरुले सञ्चालन गर्ने विभिन्न विकास निर्माण, क्षमता अभिवृद्धि तथा सामुदायिक हितका कार्यहरुलाई कार्यान्वयन गर्न-गराउन समन्वयकारी भुमिका निर्वाह गर्ने ।

(ख) **उपाध्यक्षः-**

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्ष भइ काम गर्नु पर्नेछ ।

(ग) **सचिवको** काम, कर्तव्य र अधिकार

(१) अध्यक्षको आदेशानुसार बैठक वोलाउने,

(२) वडा स्तरीय समूहले सञ्चालन गरेका महीला सम्बन्धी अभियान र कार्यक्रममा आवश्यक सहयोग र समन्वय गर्ने ।

(३) एक तिहाई सदस्यहरुले विशेष बैठकको लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने,

(४) बैठक पुस्तिकामा उपस्थिति गराउने,

(५) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि पढेर सुनाउने, निर्णय प्रमाणित गर्ने, गराउने ।

(६) वडा स्तरीय समूहको क्रियाकलापका वारेमा सदस्यहरुलाई जानकारी गराउने,

(७) निर्णय लागु भए नभएको हेरी लागु गराउने, गराउन सहयोग तथा समन्वय गर्ने,

(८) उपमहानगरपालिका तथा अन्य निकायसंग समन्वय तथा सहकार्य गर्नु पर्ने भएमा सो को लागि आवश्यक व्यवस्था मिलाउनुका साथै सहयोगी भुमिका निर्वाह गर्ने ।

(९) आवश्यकता अनुसार वडा स्तरीय महीला जागरण समूहका नियमित बैठकमा उपस्थित भई निर्णय सम्वन्धी जानकारी गराउने तथा निर्णयकार्यान्वयन गराउन सहयोगी भुमिका निर्वाह गर्ने ।

(घ) **कोषाध्यक्षको** काम, कर्तव्य र अधिकारः-

(१) बैठकमा उपस्थित भई प्रत्येक विषयमा छलफलमा भाग लिने र आफ्ना वडा स्तरीय समूहमा भएका निर्णय तथा निचोडहरुको बारेमा जानकारी लिने ।

(२) आर्थिक हिसाव किताव राख्ने,

(३) उपमहानगरपालिका वा वडावाट प्राप्त हुने सहयोग रकमको हिसाब किताब राख्ने

(४) अन्य कुनै सरकारी, गैर सरकारी संघ सस्था, व्यक्तिवाट सहयोग स्वरुप प्राप्त हुने रकम बुझ्ने र स्वीकृत कार्यक्रममा मात्र खर्च गर्ने गराउने।

(ङ) **सदस्यहरुको** काम, कर्तव्य र अधिकारः-

(१) बैठकमा उपस्थित भई प्रत्येक विषयमा छलफलमा भाग लिने र आफ्ना वडा स्तरीय समूहमा भएका निर्णय तथा निचोडहरुको बारेमा जानकारी लिने ।

(२) आवश्यकता अनुसार वडा स्तरीय समूह सञ्चालनका लागि नीति, नियमहरु बनाउन सहयोग गर्ने र सो नियमहरु पालना भए नभएको हर्ने।

(३) आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्षसचिव र कोषाध्यक्षलाई सघाउने ।

हेटौंडा राजपत्र

(४) वडा स्तरीय महिला जागरण समूह र नगर स्तरीय समूहबाट भएका निर्णयहरु कार्यान्वयन गर्न, गराउन सहयोग गर्ने ।

## परिच्छेद ३

**७. नगर स्तरीय महिला जागरण समूह गठन विधिः-**

क) कार्यविधिको नियम ४ को ख बमोजिम चुनियका हरेक वडा स्तरीय महिला समूहको दुई/दुई जना र उपमहानगरपालिकाकाले तोकेको एक दलित, एक अपाङ्गता भएको र अन्य पाचँ समेत जम्मा सात जना गरी पैतालिस जना प्रतिनिधी रहि महिला जागरण समूहको नगर भेला/अधिवेशन हुनेछ। जस्मा वडाको क्षेत्रगतरुपमा १० जना र एक दलित, एकअपाङ्गता भएको र अन्य तीन महिला समेत गरी जम्मा १५ सदस्यीय देहाय बमोजिमको नगर स्तरीय महिला जागरण समूह गठन हुनेछ।

अध्यक्षः-१ जना

उपाध्यक्षः- १ जना

सचिवः-१ जना

कोषाध्यक्षः- १ जना

सदस्यहरुः- बाँकी सबै सदस्यहरु

**संरक्षकः**-उपमहानगरपालिकाको प्रमुख र उप प्रमुख

ख) नगर स्तरीय जागरण समूहको निर्वाचित पदाधिकारीहरु र सदस्यहरुको कार्यकाल तीन वर्षको हुनेछ।

ग) नगर स्तरीय समूहका सबैपदाधिकारी तथा सदस्यहरुको पदावधि लगातार २ कार्यकाल भन्दा बढी हुने छैन ।

घ) जागरण समूहको नियमित बैठक ३/३ महिनामा वा आवश्यकता अनुसार वस्नेछ ।

ङ) जागरण समूहको बैठकमा उपमहानगरपालिकाको सम्बन्धित समितिका संयोजक, सम्बन्धित महाशाखा र शाखाको प्रमुखलाई आमन्त्रण गर्नुपर्नेछ ।

च) जागरण समूहको वार्षिक रुपमा साधारणसभा गरिनेछ ।

**८. नगर स्तरीय समूहको बैठक व्यवस्थापन तथा काम, कर्तव्य र अधिकारः-**

(क) नगर स्तरीय समूहको बैठक ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा नियमित बस्नेछ।

(ख) बैठकमा प्रस्तुत गर्नको लागि तयार गरिएका एजेण्डा वा विषयहरुको वारेमा नगर स्तरीय समूहका सदस्यहरुलाई पूर्व जानकारी गराउनु पर्नेछ ।

(ग) महिला जागरणका सवालहरु अघि बढाउन नगर स्तरीय समूहले समन्वयात्मक भुमिका निर्वाह गर्नु पर्नेछ ।

(घ) नगर समूहले वडा स्तरीय समूहवाट वडा भेला मार्फत् प्राप्त भएका र नगरस्तरीय कार्यक्रमहरु समेत महीलाहरुको हित प्रवर्द्धन र अभिवृद्धि गर्ने कार्यक्रम नगर विकास योजनामा समावेश गर्न सिफारिश गर्ने र हेटौंडा उपमहानगरपालिकाको सहभागितात्मक योजना पद्धतिमा सहयोग तथा समन्वय गर्नुपर्नेछ ।

(ङ) महिला सम्बन्धी विभिन्न विषयमा उपमहानगरपालिकालाई आवश्यक सहयोग गर्ने ।

(च) नगर क्षेत्रका महिलाहरुको सीप, योग्यता, क्षमता र अनुभवको आधारमा वर्गिकृत विवरण वनाउन पहल गर्ने ।

**९. नगर स्तरीय समूहका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः-**

(क) **अध्यक्ष**को काम, कर्तव्य र अधिकारः-

(१) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने,

(२) जागरण समूहको बैठक बोलाउने र बैठकको लागि मिति, समय र स्थानको निर्णय गर्नुका साथै सदस्यहरुको सहमति लिने।

(३) बैठक अनुशासित ढंगले सञ्चालन गर्ने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(४) छलफल हुंदा सवैको विचार बुझि सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(५) बैठकमा आवश्यक प्रस्तावहरु पेश गर्ने।

(६) सचिवलाई आवश्यकता अनुसार मार्ग निर्देशन गर्ने र सहयोग पुर्‍याउने ।

(७) तोकिएको कार्यमा नगरस्तरीय समूहको प्रतिनिधित्व गर्ने ।

(८) सहयोगी सरोकारवाला निकायहरुसंग समन्वय गर्ने,

(९) विशेष बैठकको आवश्यकता परेमा सवै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

(१०) उपमहानगरपालिकाको बार्षिक तथा आवधिक योजना निर्माण गर्न सहभागितात्मक नगर विकास योजना तर्जुमा तथा सञ्चालन प्रक्रिया अवलम्बन गर्न सहयोग गर्ने ।

(११) उपमहानगरपालिकाले प्रदान गर्ने सेवा सुविधाहरु टोल स्तरबाटै प्राप्त गर्न सक्ने प्रकृतिका भए त्यस्ता सेवा सुविधा प्रदान गर्न टोल विकास संस्थाहरुलाई परिचालित हुनमा सहयोग गर्ने ।

(१२) दलित, आदिवासी जनजाति महिलालाई मुल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने ।

(१३) उपमहानगरपालिका तथा अन्य संघ संस्थाहरुले सञ्चालन गर्ने विभिन्न विकास निर्माण, क्षमता अभिबृद्धि तथा सामुदायिक हितका कार्यहरुलाई कार्यान्वयन गर्न/गराउन समन्वयकारी भुमिका निर्वाह गर्ने।

(ख) **उपाध्यक्ष**

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्ष भई काम गर्ने।

(ग) **सचिव**को काम, कर्तव्य र अधिकार

(१) अध्यक्षको आदेशानुसार बैठक वोलाउने,

(२) उपमहानगरपालिका तथा अन्य निकायसँग समन्वय तथा सहकार्य गर्नुपर्ने भएमा सो को लागि आवश्यक व्यवस्था मिलाउनुका साथै सहयोगी भूमिका निर्वाह गर्ने ।

(३) एक तिहाई सदस्यहरुले विशेष बैठकको लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने,

(४) बैठक पुस्तिकामा उपस्थिति गराउने,

(५) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि पढेर सुनाउने,निर्णय प्रमाणित गर्ने, गराउने ।

(६) क्रियाकलापका बारेमा सदस्यहरुलाई जानकारी गराउने,

(७) नगर स्तरीय जागरण समूहको सञ्चालनमा आवश्यक सहयोग गर्ने,

(८) निर्णय लागु भए नभएको हेरी लागु गराउने,गराउन सहयोग तथा समन्वय गर्ने,

(९) आवश्यकता अनुसार वडा स्तरीयमहीला जागरण समूहका नियमित बैठकमा उपस्थित भई नगर स्तरीय महिला जागरण समूहको बैठकमा भएका निर्णय सम्वन्धी जानकारी गराउने तथा निर्णय कार्यान्वयन गराउन सहयोगी भुमिका निर्वाह गर्ने।

(घ) **कोषाध्यक्षको** काम,कर्तव्य र अधिकारः-

(१) समूहको छुटुटै खाता सञ्चालन गर्नुपरेमा अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतवाट सञ्चालन हुने गरी उपमहानगरपालिकाको सिफारिसमा पायक पर्ने वैंकमा खाता खोली संचालन गर्नु पर्नेछ।

(२) आर्थिक हिसाव किताव राखु पर्ने,

(३) उपमहानगरपालिका वा वडावाट प्राप्त हुने सहयोग रकमको हिसाब किताब राख्ने

(४) कुनै सरकारी, गैर सरकारी संघ सस्था, व्यक्तिवाट सहयोग स्वरुप प्राप्त हुने रकम बुझ्ने र उपर्युक्त बिषयमा मात्र खर्च गर्ने गराउने।

(ङ) **सदस्य**हरुको काम,कर्तव्य र अधिकारः-

(१) बैठकमा उपस्थित भई प्रत्येक विषयमा छलफलमा भाग लिने र आफ्नावडा स्तरीय समूहमा भएका निर्णय तथा निचोडहरुको बारेमा नगरस्तरीय समूहको बैठकमा जानकारी गराउने,

(२) आवश्यकता अनुसार जागरण समूह सञ्चालनका लागि नीति, नियमहरुबनाउन सहयोग गर्ने र सो नियमहरु पालना भए नभएको हेर्ने,

(३) आवश्यकता अनुसार अध्यक्ष,उपाध्यक्ष,सचिव र कोषाध्यक्षलाई सघाउने,

(४) महिला जागरण समूह वडा तथा नगर स्तरीय समूहमा भएका निर्णयहरु छलफलका लागि प्रस्ताव गरी आवश्यक निर्णय गर्ने तथा गराउन सहयोग गर्ने,

## परिच्छेद ४

**१० वडा तथा नगर स्तरीय समूहको बैठक सम्वन्धी थप व्यवस्थाः-**

नगर स्तरीय महिला जागरण समूहको बैठकमाउपमहानगरपालिकाको प्रतिनिधित्वका लागि आमन्त्रित गर्नु पर्नेछ। बैठकमा विशेषज्ञको सल्लाह सुझाव प्राप्त गर्न आवश्यकता अनुसारका सम्वन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**११. वार्षिक भेला**

१)	वडा तथा नगर स्तरीय समूहको वार्षिक भेला प्रत्येक एक वर्षमा र अधिवेशन तीन बर्षमा गर्नुपर्नेछ ।

**१२. वडा तथा नगर स्तरीय समूहको वार्षिक भेलाको काम, कर्तव्य र अधिकारः-**

(क)	विगतको कार्य समिक्षा गर्ने र आगामी बर्षको लागि कार्यक्रम तय गर्ने साथै वार्षिक भेलामा पेश भएका विषयहरुमा यथोचित सल्लाह दिने ।

(ख)	जागरण समूहको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष छनौट गरी (निर्वाचन वा सर्वसहमति मार्फत) अख्तियार प्रदान गर्ने,

(ग)	आर्थिक गतिविधीको अनुगमन गर्ने,

(घ)	आवश्यक परे कार्यगत समूह र सल्लाहकारको मनोनयन गर्ने,

(ङ)	महत्वपूर्ण बिषयहरुमा निर्णय गर्ने,

(च)	जागरण समूहको प्रभावकारी सञ्चालनको लागि नीति नियमहरुको निर्माण, संसोधन तथा परिमार्जन गर्ने ।

वडा स्तरीय समूहको वार्षिक भेलामा वडा कार्यालयको र नगर स्तरीय समूहको वार्षिक भेलामा उपमहानगरपालिकाको सम्बन्धित महाशाखाको उपस्थिति अनिवार्य हुनुपर्नेछ।

**१३. विशेष भेलाः-**

जागरण समूहको हितलाई ध्यान राखि वार्षिक भेलाको कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा अनुरोध गरेमा वढीमा १५ दिन भित्र विशेष भेला बोलाउनु पर्नेछ ।

## परिच्छेद -५ विविध

१४. **निर्वाचन सम्वन्धी व्यवस्थाः-** वडा स्तरीय समूह र नगर स्तरीय समूहको छनौट गर्दा सर्वसम्मत पद्धति अवलम्वन गर्नु पर्नेछ । सर्व सम्मत हुन नसकेमा वहुमतका आधारमा निर्वाचन गर्न सकिनेछ।

**१५. आर्थिक व्यवस्थाः-**

वडा स्तरीय समूहको आर्थिक व्यवस्था देहाय बमोजिम हुनेछः-

१. उपमहानगरपालिका वा वडावाट प्राप्त हुने रकम,

२. सरकारी, गैर सरकारी संघ सस्था, व्यक्तिवाट सहयोग स्वरुप प्राप्त हुने रकम,

३. कुनै क्रियाकलापद्धारा समूह आफैले संकलन गरिएको रकम,

४. श्रोत परिचालन वा रकम खर्च विधिः

वडा स्तरीय समूहको हकमा वडा कार्यालयको समन्वयमा र नगर स्तरीय समूहको हकमा सम्बन्धित शाखाको समन्वयमा खर्च गर्नुपर्नेछ र नगर स्तरीय समूहको हकमा समूहको छुट्टै खाता सञ्चालन गर्नुपरेमा अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतवाट सञ्चालन हुने गरी उपमहानगरपालिकाको सिफारिसमा पायक पर्ने वैंकमा खाता खोलिनेछ ।

**१६. सम्पत्ति तथा दायित्वः-**

नेपाल राजपत्र

क) प्रचलित कानूनमा व्यवस्था भए अनुसार जागरण समूहको आफ्नो नाममा रहेको सम्पत्ति व्यक्ति सरह भोगचलन गर्न पाउनेछ । यसको बेचविखन वा अन्य स्वामित्व हस्तान्तरणको लागि उपमहानगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

ख) जागरण समूह विघटन भएमा सो सम्पत्ति स्वतः उपमहानगरपालिकाको स्वामित्वमा आउनेछ ।

**१७. पूर्व स्वीकृति लिनु पर्नेः-**

यस कार्यविधिमा उल्लेखित कार्यहरु सञ्चालन गर्नु पूर्व सम्वन्धित निकायको अनुमति तथा स्वीकृति लिनु पर्ने भनि उल्लेख भएकोमा स्वीकृति लिएर मात्र सञ्चालन गर्नु पर्नेछ । स्वीकृति लिनु पर्नेमा नलिई कुनै कार्य गरमो समूहका पदाधिकारीहरु पूर्ण रुपमा जवाफदेही हुनुपर्नेछ ।

**१८. महिला समूह सूचिकृत गर्नु पर्नेः-**

वडास्तरीय महीला जागरण समूह सम्वन्धित वडा कार्यालयको सिफारिशमा हेटौंडा उप महानगरपालिकामा सूचिकृत गर्नु पर्नेछ ।

**१९. कार्यविधिको व्याख्याः-**

यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार उपमहानगरपालिकामा निहित रहनेछ ।

**२०. शपथ ग्रहणः-**

क) वडा स्तरीय पदाधिकारीहरुको शपथ ग्रहण वडाध्यक्षवाट हुनेछ ।

ख) नगर स्तरीय पदाधिकारीहरुको शपथ ग्रहण प्रमुख वा उप प्रमुखवाट हुनेछ ।

ग) शपथ ग्रहणको ढाँचा अनुसूचि १ मा उल्लेख गरे बमोजिम हुनेछ ।

**२१. बचाउः-** यो कार्यविधि संघीय, प्रादेशिक र नगर सभाबाट पारीत अन्य कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ।

हेटौंडा राजपत्र

अनुसूचि १

## शपथ ग्रहणको नमूना

**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

### शपथको विवरण

यस महिला जागरण समूह वडा/नगर समूह पदाधिकारी म................................ ले संस्थाको उद्देश्य प्राप्तिका लागि गरिने कार्यमा आफ्नो पदीयकाम, कर्तव्य र अधिकारलाई इमान्दारीपूर्वक लगनशील भई आफ्नो क्षमताले पूरा गर्दैंजानेछुभनि म नैतिक रुपमा शपथ लिन्छु ।

| **शपथ ग्रहण गर्नेको** | **शपथ गराउनेको** |
| --- | --- |
| नामः- | नामः- |
| पदः- | पदः- |
| हस्ताक्षरः- | हस्ताक्षरः- |

प्रमाणीकरण मितिः-२०७७/०२/३०

प्रमुख प्रशासकीय अधिकृत
गोपाल प्रसाद बगाले
हेटौंडा उपमहानगरपालिका

हेटौंडा राजपत्र